# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## सभापोखरी गाउँपालिका

संखुवासभा




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## सभापोखरी गाउँपालिका

संखुवासभा




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

२०७९

## सभापोखरी गाउँपालिका

संखुवासभा

**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदनउपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर रायसहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनोट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी बेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ । स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदनउपर छलफल र बेरुजु फस्यौंटसम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुखसहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**
**महालेखापरीक्षक**

२०७९ चैत्र

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**
(कोशी प्रदेश)

पत्र संख्याः २०७९।८०
च.नं. १६४ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
सभापोखरी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
संखुवासभा ।

**कैफियतसहितको राय**

हामीले सभापोखरी गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौँ ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असरबाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियतसहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू. २ करोड ३९ लाख १८ हजार बेरुजु देखिएको छ । सोमध्ये प्रतिक्रियाबाट रु. २८ लाख १३ हजार फस्यौट भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू. ११ लाख ४४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ४८ लाख ५७ हजार, नियमित गर्नुपर्ने रु ९० लाख ६१ हजार र पेश्की रू.६० लाख ४३ हजार रहेको छ । पालिकाको गतवर्ष सम्म रु ५ करोड ९२ लाख ३१ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु ७ करोड ८४ लाख ६० हजार रहेको छ । गाउँपालिकाको **बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**

३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ । कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्कीबाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौँ । त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरणउपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुनबमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्तीसमेतका कारण सारभूतरूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ ।

(पद्मप्रसाद आचार्य)
नायब महालेखापरीक्षक

सभापोखरी गाउँपालिका, संखुवासभा

## १. चालु वर्षको बेरुजु २०७८।७९

### १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु.हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ४७ | ४३ | २३९१८ | ० | ३ | २८१३ | ४७ | ४० | २११०५ | ११४४ | ९०६१ | ४८५७ | ० | ० | १३९१८ | ६०४३ |

### १.२ प्रतिक्रियाबाट फस्र्यौट गरिएका दफाहरुको स्विकृत विवरण

*(रु.हजारमा)*

| क्र.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| १ | २०.२ | पेश्की फस्यौंट भएको प्रमाण पेश । | ११७ |
| २ | ३८ | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमको कार्यसम्पन्न प्रतिवेदन पेश भएको । | १८०० |
| ३ | ४७ | बैंकमा मौज्दात रहेको सामाजिक सुरक्षा वापतको रकम फिर्ता गरी दाखिला भएको प्रमाण पेश । | ८९६ |
| | | जम्मा | २८१३ |

## २. अद्यावधिक बेरुजु स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | पालिका | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|---|
| संखुवासभा | सभापोखरी गाउँपालिका | ५९२३१ | ० | १८७६ | ५७३५५ | ० | २११०५ | ७८४६० |

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : सभापोखरी गाउँपालिका, संखुवासभा , सभापोखरी गाउँपालिका , संखुवासभा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | मान बहादुर बराल | २०७८-१०-५ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | Prakash Magar | २०७७-३-२२ | २०७८-९-५ |
| लेखा प्रमुख | हरि किरण बस्नेत | २०७६-९-३ | हाल सम्म कार्यरत |
| | | बेरुजु रकम | २१,१०५,४६०.७५ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | | ६,९४,४२,२४०.८४ |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | २२,२०,४२,४९२ | **चालु खर्च** | २४,३७,९६,९७७ |
| **प्रदेश सरकारबाट अनुदान** | १,१३,६८,९२८ | **पूँजीगत खर्च** | १३,२०,१२,४५९ |
| **राजश्व बाँडफाँट** | ५,३९,४४,४५५.९३ | **वित्तीय/अन्य व्यवस्था** | ० |
| **आन्तरिक आय** | ५७,९८,८१७ | | |
| **अन्य आय** | ७,१३,३७,५६४.२२ | | |
| **कुल आय** | ३६,४४,९२,२५७.१५ | **कुल खर्च** | ३७,५८,०९,४३६ |
| | **बाँकी मौज्दात** | | ५,८१,२५,०६१.९९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु नै गाउँपालिका स्थापनाको प्रमुख उदेश्य हो । यो गाउँपालिका कुल २२२.०८ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको र हाल ६ वटा वडाहरुमा बिभाजन गरिएको छ । गाउँपालिकाको वस्तुगत विवरण अनुसार कुल जनसंख्या १० हजार ४ सय ९२ जना रहेको छ । | |
| २ | | | **वित्तिय विवरण** | |

**प्राप्ती भुक्तानी हिसाव**

| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्रासि/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्रासि/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| प्रासी (क+ख) | | ४०२२८१७६० | ३६४४९२२५७ | ० | ३६४४९२२५७ | ३५२५८६५०२ | | ३५२५८६५०२ |
| क. प्रासि (संचितकोषमा आम्दानी बाँधिने) | | ३९०५०२०७६ | २९३१७०११३ | ० | २९३१७०११३ | ३२०४५४०९६ | ० | ३२०४५४०९६ |
| ११००० कर | ११ | ६११३३१९० | ५४५०६१५६ | ० | ५४५०६१५६ | ४५७९२२३५ | ० | ४५७९२२३५ |
| १३००० अनुदान | | २७४८४३९४० | २३३४११४२० | ० | २३३४११४२० | २७१४१७००० | ० | २७१४१७००० |
| संघीय सरकार | १२ | २५४२०५९४० | २२२०४२४९२ | ० | २२२०४२४९२ | २५२८२३००० | ० | २५२८२३००० |
| प्रदेश सरकार | १२ | २०६३८००० | ११३६८९२८ | ० | ११३६८९२८ | १८५९४००० | ० | १८५९४००० |
| १४००० अन्य राजस्व | | ५४०२४९४६ | ५२३७११७ | ० | ५२३७११७ | ३२४४८६१ | ० | ३२४४८६१ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १५००० विविध प्राप्ति | | ५००००० | १५४२० | ० | १५४२० | ० | ० | ० | |
| | | | ख. अन्य प्राप्ति | | ११७७९६८४ | ७१३२२१४४ | ० | ७१३२२१४४ | ३२१३२४०६ | | ३२१३२४०६ | |
| | | | वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० | ० | ० | |
| | | | कोषहरु | | ११७७९६८४ | ७४६०५४८ | ० | ७४६०५४८ | ३०३५२०१५ | ० | ३०३५२०१५ | |
| | | | धरौटी | | ० | १६५८३९२ | ० | १६५८३९२ | १७८०३९१ | ० | १७८०३९१ | |
| | | | संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | ६४१९१६८८ | ६२२०३२०४ | ० | ६२२०३२०४ | ० | ० | ० | |
| | | | भुक्तानी (ग+घ) | | ४७०१६४९१० | ३७५८०९४३६ | ० | ३७५८०९४३६ | ३४८४३२७६१ | | ३४८४३२७६१ | |
| | | | ग. भुक्तानी (सञ्चित कोषबाट) | | ४५८३८५२२६ | ३०८७१६७०४ | | ३०८७१६७०४ | ३२१९९४४२७ | | ३२१९९४४२७ | |
| | | | २१००० पारिश्रमिक / सुविधा | १८ | ३६१८५००० | २५८९५९४९ | ० | २५८९५९४९ | २८०५६०१७ | ० | २८०५६०१७ | |
| | | | २२००० मालसामान तथा सेवाको उपयोग | १८ | ७१५८५४६५ | ४९४८६९१८ | ० | ४९४८६९१८ | ३३३४९२७८ | ० | ३३३४९२७८ | |
| | | | २५००० सहायता (Subsidy) | १८ | १३१२६००० | ११४५७११८ | ० | ११४५७११८ | ५६९९४६५ | ० | ५६९९४६५ | |
| | | | २६००० अनुदान | १८ | ७९५२१००० | ७५८६०२९५ | ० | ७५८६०२९५ | ६५९६८५६८ | ० | ६५९६८५६८ | |
| | | | २७००० सामाजिक सुरक्षा | १८ | २००९४००० | १३१८२५९० | ० | १३१८२५९० | ११५२६२२२ | ० | ११५२६२२२ | |
| | | | २८००० अन्य खर्च | १८ | २३९७००० | ८२१३७५ | ० | ८२१३७५ | ३३३७०८२१ | ० | ३३३७०८२१ | |
| | | | ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | २३५४७६७६१ | १३२०१२४५९ | ० | १३२०१२४५९ | १४४०२४०५६ | ० | १४४०२४०५६ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| घ. अन्य भूक्तानी | | ११७७९६८४ | ६७०९२७३२ | ० | ६७०९२७३२ | ३४८४३२७६१ | | ३४८४३२७६१ |
| कोषहरु | | ११७७९६८४ | ४२९८०६३ | ० | ४२९८०६३ | २५४९३३३४ | ० | २५४९३३३४ |
| धरौटी | | ० | ५९१४६५ | ० | ५९१४६५ | ९४५००० | ० | ९४५००० |
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | = | ६२२०३२०४ | ० | ६२२०३२०४ | ० | ० | ० |
| ङ. यो वर्षको बचत (न्युन) | | -६७८८३१५० | -११३१७१७९ | | -११३१७१७९ | ४१५३७४१ | | ४१५३७४१ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ६९४४२२४१ | | ६९४४२२४१ | ११०१६६८९३ | | ११०१६६८९३ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | -६७८८३१५० | ५८१२५०६२ | | ५८१२५०६२ | ११४३२०६३४ | | ११४३२०६३४ |
| बैंक तथा नगद बाकी | २४ | | ५८१२५०६२ | | ५८१२५०६२ | ७४३००९२२ | | ७४३००९२२ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३ | | | **वित्तीय विवरण विश्लेषण**<br>सुत्रको प्रयोगः स्थानिय तहमा Sub National Tresury Regulatory Application (SUTRA) प्रयोग गरी लेखा राख्ने व्यवस्था गरेको छ। सोही प्रणाली मार्फत लेखा अभिलेख राखेमात्र प्रणालीवाट प्राप्त हुने प्राप्ती तथा भुक्तानी विवरणमा सम्पूर्ण प्राप्ती तथा भुक्तानी समावेश हुने गर्दछ। तर पालिकाको सुत्र प्रणालीमा अन्तर सरकारी अक्तियारी मार्फत प्राप्त भएको रकम प्रविष्ट नहुदा सुत्र प्रणालीवाट प्राप्त हुने प्रतिवेदनले सम्पुर्ण प्राप्ति तथा भुक्तानी समेटेको देखिएन। | |
| ४ | | | **बजेट तथा कार्यक्रम** | |
| ४.१ | | | क्षेत्रगत बजेट र खर्च: स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । | |

| सि.नं. | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) | मौज्दात |
|---|---|---|---|---|---|

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१</td><td>आर्थिक विकास</td><td>२१९४००००</td><td>१४४२२२४९</td><td>६५.७३</td><td>७५१७७५१</td></tr>
<tr><td>२</td><td>सामाजिक विकास</td><td>१७०२११६६०</td><td>१३३३४६१६१</td><td>७८.३४</td><td>३६८६५४९९</td></tr>
<tr><td>३</td><td>पूर्वाधार विकास</td><td>१८२३८७९०१</td><td>१०४०७७४५१</td><td>५७.०६</td><td>७८३१०४५०</td></tr>
<tr><td>४</td><td>सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र</td><td>३४००१९०</td><td>१७९०६१५</td><td>५२.६६</td><td>१६०९५७५</td></tr>
<tr><td>५</td><td>कार्यालय सञ्चालन तथा प्रशासनिक</td><td>८०४४५४७५</td><td>५५०८०२२८</td><td>६८.४७</td><td>२५३६५२४७</td></tr>
<tr><td colspan="2">कुल जम्मा</td><td>४५८३८५२२६</td><td>३०८७१६७०४</td><td>६७.३४</td><td>१४९६६८५२२</td></tr>
</table>
कुल विनियोजित वजेटको ६७.३४ प्रतिशत खर्च भएको देखिन्छ ।
</td><td></td></tr>
<tr><td>४.२</td><td></td><td></td><td>बजेट तथा कार्यक्रम तर्जुमा समितिः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६७(१) मा उपाध्यक्षको संयोजकत्वमा वजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी बर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रमको दोहोरपना हुन नदिई आपसी तादाम्यता तथा परिपुरकता कायम गर्नुपर्ने व्यवस्था छ । तर पालिकामा यस सम्वन्धमा समितिको वैठक वसेको देखिएन।</td><td></td></tr>
<tr><td>४.३</td><td></td><td></td><td>योजना र कार्यान्वयनः<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ। साथै, योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ। कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ। साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ। यस वर्ष संचालन भएकाा योजनाहरु देहायअनुसार छन्ः</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (nested table below) | |
| ४.४ | | | **प्रगती प्रतिवेदनः** पालिकाले चौमासिक र वार्षिक वनाई पेश गर्नु पर्दछ । पालिकाले संचालन गरेको विभिन्न कार्यक्रम तथा कृयाकलापहरुमा भौतिक वा भारित प्रगति स्पष्ट देखिने गरी नियमानुसार तयार गरेको देखिएन । जसले गर्दा सम्पादित कामको परिमाण र अवस्था स्पप्ट हुन सक्ने अवस्था नरहेकोले निर्धारित ढाँचामा अद्यावधिक तथा वार्षिक प्रगति प्रतिवेदनहरु तयार गरी सो को विश्लेषण समिक्षा तथा अनुगमन गर्नुपर्ने देखिन्छ । | |
| ४.५ | | | बजेट पेश तथा पारितः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने र सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। पालिकाले रु. ४५ करोड ८३ लाख ८५ हजार को वजेट असार १० गते मा पेश भई असार ३० गते सभावाट पारित गरेको छ। तर अध्यक्षले प्रमुख प्रशाककीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी मिति२०७८।४।१४ मा मात्र प्रदान गरेको देखियो। | |
| ४.६ | | | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिः स्थानीय सरकार संचलान ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित | |

| क्र सं. | विवरण | योजना संख्या | रकम |
|---|---|---|---|
| १ | रु. १ लाख भन्दा कमको योजना | ८५ | ५९५२००० |
| २ | रु. १ लाख १ देखि ५ लाख सम्मका योजना | १३९ | ३८६६९००० |
| ३ | रु. ५ लाख देखि १० लाख सम्मका योजना | २९ | २०५५८००० |
| ४ | रु.१० लाख एक देखि ५० लाख सम्मका योजना | ३२ | ६६५९९००० |
| ५ | ५० लाख भन्दा माथीका | ३ | २०१५९००० |
| | जम्मा | २८८ | १५१९३७००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था बमोजिम समिति गठन भएको छ । समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कुल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयगत बजेट तर्जुमा मार्गदर्शन तयार गर्नुपर्ने जस्ता कार्यहरु बैशाख १० गते भित्र गरिसक्नपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट बजेट बर्ष पछिको थप २ बर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले बैशाख १५ गते भित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनु पर्नेमा समितिले ऐनको व्यवस्था अनुसार बजेट सीमा उपलब्ध गराएको छैन । समितिले ऐनको व्यवस्था अनुसार कार्य गर्ने तर्फ ध्यान दिनुपर्दछ । | |
| ५ | | | **संगठन तथा कर्मचारी व्यवस्थापन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ५४ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ३७ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका अधिकृत सहित १४ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा र अनावश्यक पदहरुमा नियुक्ति दिँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| ६ | | | **अवकाश कोष**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ। तर सो वमोजिम अवकास कोष स्थापना गरेको देखिएन। | |
| ७ | | | **सेवा प्रवाह**<br>स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ (२) मा गाउँपालिकाको कामकर्तव्य र अधिकारको व्यवस्था रहेको छ । गाउँपालिकाले वडा कार्यालयबाट सम्पादित नागरिकता सिफारिस,घरबाटो,नाता प्रमाणित,पञ्जिकरणको तथ्यांक तथा | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>अभिलेखलाई व्यवस्थित तुल्याउँदै सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ । यस गाउँपालिका तथाअन्तर्गतका वडाबाट यसबर्ष सम्पादित सेवा प्रवाहको स्थिति निम्नानुसार रहेको छ ।
<table>
<tr><th>क्र.स.</th><th>विवरण</th><th>निवेदन संख्या</th><th>सिफारिस संख्या</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>नागरिकता सिफारिस</td><td>५५६</td><td>५५६</td><td></td></tr>
<tr><td>२</td><td>घरबाटो सिफारिस</td><td>१५०</td><td>१५०</td><td></td></tr>
<tr><td>३</td><td>नाता प्रमाणित</td><td>९१</td><td>९१</td><td></td></tr>
<tr><td>४</td><td>जन्म , मृत्यू, बसाइसराई तथा विवाह दर्ता</td><td>८१०</td><td>८१०</td><td></td></tr>
<tr><td>८</td><td>अन्य</td><td>२९९८</td><td>२९९८</td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>८</td><td></td><td></td><td>करार कर्मचारी<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा अस्थायी करार पदमा ५९ जना कर्मचारीहरु करारमा राखी रु. १७९४७००० /- खर्च लेखेको छ ।<br><br>त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित वाहेकको असिस्टेण्ड सव इन्जिनियर र कार्यलय सहायक(चौथो तह) पदमा ५ जना करार नियुक्ति गरी बर्षभरीमा रु. १९,८९,६५०/- भुक्तानी गरेको अनियमित देखएको रु.</td><td>१,९८९,६५०</td></tr>
<tr><td>९</td><td></td><td></td><td>न्यायिक समिति<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरे बमोजिमको समितिमा परेको उजुरीको फर्छ्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनु पर्ने व्यवस्था</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार लेनदेन, साँध सीमाना, मजदुरीलगायतका २१ उजुरी तथा विवाद दर्ता भएकोमा कारबाही तथा फछ्र्यौट भएको देखिन्दैन । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| १० | | | **खोपको विवरण**<br>यस पालिकाले लेखापरीक्षण अवधि सम्म कोभिड-१९ विरुद्धको खोप नेपाल सरकारबाट प्राप्त गरी वितरण भरेको पाइयो । लेखापरीक्षणका क्रममा प्राप्त विवरण अनुसार लेखापरीक्षण अवधि सम्म पालिकामा विभिन्न नामका खोप २३८६७ डोज उपयोग भएको देखिएको छ । | |

| क्र.स | खोपको प्रकार | प्राप्त भएको डोज | प्रयोग भएको डोज | फिर्ता भएको | मौज्दात रहेको |
|---|---|---|---|---|---|
| १ | कोभिसिल्ड | ११३० | ९०० | २३० | ० |
| २ | भेरोसिल | ७५४३ | ५६७० | १४३० | ३३ |
| ३ | एस्ट्राजेनिका | २०४० | १७०८ | ३०८ | ० |
| ४ | मोडोर्ना | २१८० | २१५० | ३० | ० |
| ५ | जे एण्ड जे | ११३५ | १०३५ | ० | १०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ११ | | | **आर्थिक सहायताः**<br>सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारीता कायम गर्ने सम्वधि निति मार्गदर्शन २०७८ को बुँदा १३ मा तोकियको मापदण्ड भित्र रहेर मात्र क्षतिपुर्ति,औषधि उपचार र आर्थिक सहायता वापत को खर्च उपलव्ध गराउने उल्लेख छ। आर्थिक सहायता माग गर्नेले पेश गरेको निवेदनमा भएको तोक आदेश अनुसार विभिन्न कार्यक्रम वाट आर्थिक साहायता रुपमा रु १०,९७,००० भुक्तानी गरेको छ। यस्तो खर्च लेख्न मापदण्ड तयार गरेको छैन। आर्थिक सहायता वितरण गर्ने मापदण्ड,सिमा | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | र कार्यविधि तयार गरी नियन्त्रित र व्यवस्थित तरिकाले मितव्ययि रुपमा तोकिएको सिमाभित्र वितरण गर्ने र सो को विवरण सार्वजनिक गर्नु पर्नेतर्फ पालिकाको ध्यान जानुपर्दछ। | |
| १२ | | | **पर्व खर्च :**<br>पालिकाले ग र घ वर्गका पालिकाका सवै वडामा रहेका अपाङ्गता भएका व्यक्तिहरु लाई चाडपर्व खर्च वितरण गरेको छ। पालिकाले चाडपर्व खर्च वितरण गर्दा कुनै मापदण्ड, निर्देशिका तथा कार्यविधि नबनाई रु ७,००,००० खर्च गरेको छ। कार्यालयले सार्वजनिक खर्च लाई व्यवस्थित नियन्त्रित र मितव्ययी वनाउन मापदण्ड, कार्यविधि निर्देशिका वनाइ खर्च गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ। | |
| १३ | | | **सम्पत्ति उपयोग र संरक्षण** | |
| १३.१ | | | आर्थिक कार्उयविधि तथा वित्तिय उत्तरदायित्व नियमावली अनुसार कार्यालय प्रमुखले लगत खडा गरी अभिलेख राखिएको सम्पत्ति तथा जिन्सी मालसामानको मौजुदा अवस्थाको सम्बन्धमा वर्षमा कम्तीमा एक पटक आफै वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य कर्मचारीको नेतृत्वमा कम्तीमा तीन सदस्य समिति गठन गरी सो समितिबाट निरीक्षण गरी गराइए महालेखा परीक्षको कार्यालयवाट स्वीकृत ढाँचामा सम्पत्ति तथा जिन्सी निरीक्षण प्रतिवेदन लिनुपर्ने व्यवस्था गरेको छ। तर यस पालिकावाट लेखापरीक्षणका क्रममा जिन्सी निरिक्षण प्रतिवेदन पेश भएन । | |
| १३.२ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्ने र यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्नेमा सो वमोजिम गरेको देखिएन। | |
| १३.३ | | | कुनै सार्वजनिक पदमा वहाल पदाधिकारी तथा कर्मचारीले पदमा वहाल रहेको अवस्थामा प्राप्त गरेको जिन्सी सामाग्री उक्त पदको कार्य अवधि समाप्त भई पद मुक्त भएको अवस्थमा पदमा वहाल रहँदा लिएका कार्यालयका जिन्सी सामाग्री फिर्ता गर्नु पर्दछ। तर निम्न अनुसारका पदाधिकारीहरुले सार्वजनिक पदमा रहेको अवस्थामा लिएका जिन्सी समान उक्त पदको कार्यअवधी | ४८२,४८६ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>समाप्त भई सक्दा समेत लिएका समाग्री फिर्ता गरेको नदेखिएकोले उक्त समाग्री फिर्ता गर्नुपर्ने अन्यथा सामानको मुल्य वरावरको रकम असुल गर्नुपर्ने रु
<table>
<tr><th>पदाधिकारी । कर्मचारीको नाम</th><th>पद</th><th>सामानको नाम</th><th>परिमाण</th><th>स्पेशिफिकेशन</th><th>रकम</th></tr>
<tr><td>सीता दहाल</td><td>भुपु उपाध्यक्ष</td><td>ल्यापटप</td><td>१ थान</td><td>dell core i7</td><td>८७१६८</td></tr>
<tr><td></td><td></td><td>मोवाईल</td><td>१ थान</td><td>one pluse nord</td><td>३९८२३</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td></td><td></td><td>१२६९९१</td></tr>
<tr><td rowspan="4">कमल सापकोटा</td><td rowspan="4">असई</td><td>ल्यापटप</td><td>१ थान</td><td>dell core i5</td><td>६८४९५</td></tr>
<tr><td>ल्यापटप</td><td>१ थान</td><td>dell core i5</td><td>८५०००</td></tr>
<tr><td>ल्यापटप</td><td>१ थान</td><td>HP core i7</td><td>१३७०००</td></tr>
<tr><td>GPS</td><td>१ थान</td><td>GPS</td><td>६५०००</td></tr>
<tr><td></td><td></td><td colspan="3">जम्मा</td><td>३५५४९५</td></tr>
<tr><td></td><td></td><td colspan="3">कुल जम्मा</td><td>४८२४८६</td></tr>
</table></td><td></td></tr>
<tr><td>१३.४</td><td></td><td></td><td>यस पालिकामा १ थान व्याकुलोडर रहेकोमा सो संचालन गर्न आवश्यक कार्य विधि तय गरेरमात्र संचालनमा ल्यईनु पर्दछ। पालिमाले कार्यविधि तयार नगरी व्याकुलोडर संचालनमा ल्याएको देखियो । सो संचालन गर्दा प्राप्त आम्दानी तथा खर्चको अभिलेख छुट्टै खातामा व्यवस्थित तरिकाले गरेको देखिएन । जसले गर्दा त्यसको आम्दानी खर्च विश्लेषण गर्न सकिएन। संचालन कार्यविधि वनाई आम्दानी र खर्चको छुट्टै अभिलेख राखि व्यवस्थित रुपमा संचालनमा ल्याईनु पर्दछ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १४ | | | **आन्तरिक नियन्त्रण प्रणाली** | |
| १४.१ | | | स्थानीय सरकार सञ्चालन ऐन २०७४, आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व कानून तथा पालिकाको कारोवारको आकार, जटिलता तथा संरचना बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था गरेकोमा निम्न अनुसार देखियो। स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७८ मा आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नु पर्ने व्यवस्था छ। नगरस्थानीय तहले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको पाइएन।<br>यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन् ।<br>वजेट व्यवस्थापनतर्फ<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गरेको देखिएन।<br>• स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची ११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गर्नुपर्नेमा स्थानीय तहले सो बमोजिमको मध्यमकालिन खर्चको संरचना तयार गरेको देखिएन।<br>• दीगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकिकरणको लागि एकिकृत दिर्घकालिन योजना तयार गरेको देखिएन।<br>• स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेको,<br>खरिद व्यवस्थापन तर्फ<br>• स्थानीय तहले सार्वजनिक खरिद नियमावली तर्जुमा गरेको देखिएन।<br>• सार्वजनिक खरिद ऐन २०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ। स्थानीय तहले खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गरेको देखिएन।<br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई वैसाख भन्दा पछि सम्पन्न योजना मात्र हस्तान्तरण गरेको देखियो। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको आंशिक रुपमा मात्र गुणस्तर परीक्षण गरेको देखियो।<br>• स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वयन र अभिलेख राखेको देखिएन।<br>शिक्षातर्फ<br>• स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको तथा अनुगमन गरेको छैन। मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था नरहेको ।<br>• शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS):- कार्यक्रम कार्यान्वयन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्ने कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन भएन ।<br>• शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ मा नं. (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुबाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्याबधिक गरि राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु तयार गरेको देखिएन।<br>• संस्थागत विद्यालयहरूको दर्ता, नविकरणशुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, वर्गिकरण, अनुगमन र अभिलेख व्यवस्थित नरहेको,<br>विविध तर्फ<br>• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई दिएको देखिएन।<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।<br>• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित नगरेको<br>• म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका देहायकाम. ले. प. फाराम मध्ये कार्यालयसङ्ग सम्बन्धित फारामको अभिलेख नराखेको | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तह तथा स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समिति तथा नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा गरेको देखिएन।<br>• स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर पालिकाको आर्थिक वर्ष २०७८।७९ को आन्तरिक लेखापरीक्षण गराएको देखिएन। कानुनमा भएको व्यवस्था वमोजिम आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी वनाउनु पर्ने देखिन्छ। | |
| १४.२ | | | बेरुजु लगतः म. ले. प. फाराम म. ले. प. फाराम ८०१ — बेरुजु लगत, म. ले. प. फाराम ८०२ — बेरुजुको कार्यालयगत प्रतिवेदन, म. ले. प. फाराम ८०३ — बेरुजुको केन्द्रिय कार्यालयगत लगत, म. ले. प. फाराम ८०४ — बेरुजुको कार्यालयगत केन्द्रिय प्रतिवेदन, म. ले. प. फाराम ८०५ — सम्परीक्षण गोश्वारा अभिलेख राखेको देखिएन। | |
| १४.३ | | | सूचना प्रविधी पद्दतिः सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु नगरेको र त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा राखेको देखिएन।<br>सफ्टवेयर फेलरका वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था भएको देखिएन। | |
| १४.४ | | | सवारी साधन र मेशिनरी सञ्चालनका अभिलेखका लागि मलेप फारामको व्यवस्था गरिएको छ । तर पालिकाले म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक र म. ले. प. फाराम ९०६ बमोजिम त्यस्ता सवारी साधन र मेशिनरीको मर्मत अभिलेख राखे ता पनि अद्यावधिक राखेको देखिएन। | |
| १४.५ | | | म. ले. प. फाराम ९०७ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख र म. ले. प. फाराम ९०९ बमोजिम भ्रमण प्रतिवेदन राख्नुपर्ने यवस्था गरेको छ। तर सो वमोजिमको भ्रमण अभिलेख र भ्रमण प्रतिवेदन राखेको पाईएन। | |
| १५ | | | **सुरक्षित नागरिक आवास कार्यक्रम**<br>सुरक्षित नागरिक आवास कार्यक्रम कायान्वयन कार्यविधि २०७५ को दफा ५(७) अनुसार अनुदान उपलव्ध गराउदा स्थानीय तह संग सझौता भएपछी पहिलो किस्ता वापत साठी प्रतिशत रकम उपलध गराउने र निर्माण कार्यसम्पन्न भए पस्चात अनुसुची | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>३ वमोजमको प्राविधिक प्रतिवेदन सहितको सिफारीसको आधारमा दोस्रो तथा अन्तिम किस्ता वापत वांकी ४० प्रतिशत अनुदान रकम उपलध गराउने व्यवस्था गरेको छ। यसपालिका अन्तर्गत १६३ घरपरिवारलाई नागरिक आवास कार्यक्रममा समावेस गरेकोमा हालसम्म प्रथम किस्ता वापत १४९ परिवारलाई प्रथम किस्ता र ५५ परिवारलाई प्रविधिक प्रतिवेदनका आधारमा दोस्रो किस्ता बापतको रकम प्रदान गरिसकेको देखियो। यस आर्थिक वर्षमा ३४ परिवारलाई रु ३० हजारका दरले जम्मा रु १०२०००० प्रथम किस्ता वापतको रकम प्रदान गरेको देखियो। प्रथम किस्ता वापत दिएको अनुदान रकमको कार्य सम्पन्न गराई अनुसुची ३ वमोजिमको प्राविधिक प्रतिवेदन तयार गर्नुपर्छ।</td><td></td></tr>
<tr><td>१६</td><td></td><td></td><td>रिटेन्सन मनि<br>सार्वजनिक खरीद नियमावली २०६४ को नियम १२४(२) अनुसार रिटेन्सन मनि वापत कट्टा गरेर राखेको रकम फिर्ता गर्दा आन्तरिक राजस्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण कागजात पेश गरेपछि मात्र भुक्तानी दिनुपर्ने व्यवस्था गरेको छ तर यसपालिकाले निम्नअनुसारको निर्माण व्यवसायीलाई कर विवरण पेश नगरी रिटेन्सन वापतको रकम फिर्ता गरेकोले कर समायोजन पत्र पेश हुनुपर्ने रु
<table>
<tr><th>गो.भौ.नं.</th><th>सप्लायर्स</th><th>विवरण</th><th>फिर्ता रकम</th></tr>
<tr><td>७-२०७९।३।६</td><td>जय गोरखा कन्स्ट्रक्सन</td><td>वडा कार्यालय भवनको</td><td>१६९४५९</td></tr>
<tr><td>६-२०७९।२।२५</td><td>सभापोखरी कन्स्ट्रक्सन</td><td>स्वास्थ्य इकाई भवन</td><td>१६२३०६</td></tr>
<tr><td>३-२०७८।१२।२९</td><td>जय गोरखा कन्स्ट्रक्सन</td><td>वडा नं. १ भवन</td><td>१५००००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>४८१७६५</td></tr>
</table></td><td>४८१,७६५</td></tr>
<tr><td>१७</td><td></td><td></td><td>अनुगमनः कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ मा सामुदायिक विद्यालयलाई निकासा दिएकोमा अनुदान रकम विद्यालयले तोकिएको कार्यमा खर्च भए नभएको सम्बन्धमा पालिकाले अनुगमन गर्नुपर्ने व्यवस्था रहेको छ । यस पालिकाले सामुदायिक विद्यालय अनुगमन गर्न मापदण्ड तयार गरेको पाइएन । तयारी सोही बमोजिम अनुदान रकम तोकिएको कार्यमा खर्च भएको, दोहोरो निकासा भए नभएको सम्बन्धमा सुनिश्चित गर्ने तर्फ पालिकाले ध्यान पऱ्याउनुपर्ने देखिन्छ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१८</td><td></td><td></td><td>कोभिड १९ रोकथाम खर्च<br>आ.व. २०७८।७९ को अषाढ मसान्तसम्म कोभिड–१९ रोकथाम तथा नियन्त्रणको लागि गाउँपालिका श्रोतबाट रु. १३३०००।- आइसोलेसनमा पठाउन यातायात वापत र रु २,२८,१११/- स्वास्थ्य सुरक्षाको सामाग्री खरिद गरी खर्च गरेको पाइयो । गाउँपालिकाले खाँदबारी आइसोलेसनमा पठाएको समय तथा व्यक्तिको विवरण प्राप्त भएन । उक्त खर्च यातायात खर्च बापत भुक्तानी भएको रकम पुष्टि हुने आधार पेश गर्नुपर्ने रु</td><td>११३,०००</td></tr>
<tr><td>१९</td><td></td><td></td><td>विविध खर्च –<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आय र व्ययको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष विविधतर्फ मात्र रु.१५,६९,३०० खर्च गरेको छ ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>२०</td><td></td><td></td><td>पेश्की</td><td></td></tr>
<tr><td>२०.१</td><td></td><td></td><td>सार्वजनिक खरिद नियमावलीको नियम ११३ मा आपूर्तिकर्ता निर्माण व्यवसायी वा सेवा प्रदायकलाई पेश्की दिने तथा फछ्र्यौट व्यवस्था गरेको छ । पालिकाले निम्नानुसार कर्मचारी तथा संस्थालाई उपलब्ध गराएको पेश्की आर्थिक वर्षको अन्त्य सम्म पनि फछ्र्यौट नभएकोले कानून बमोजिम फछ्र्यौट गर्नुपर्ने रु
<table>
<tr><td rowspan="3">सि.नं.</td><td rowspan="3">पेश्की लिएको मिति</td><td rowspan="3">गो. भौ. न.</td><td rowspan="3">पेश्कीको विवरण</td><td rowspan="3">पेश्की लिने व्यक्ती फर्म वा कम्पनीको नाम</td><td colspan="3">चालु आ. व.</td></tr>
<tr><td colspan="2">म्याद ननाघेको</td><td rowspan="2">म्याद नाघेको</td></tr>
<tr><td>रकम</td><td>फछ्र्यौटको अन्तिम म्याद</td></tr>
<tr><td>२</td><td>ठेकेदार</td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table></td><td>६,०४३,४००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | २३-११-२०७८ | १०१ | बाह्रबिसे डके खाँदबारी सडक ग्रावेल तथा कालोपत्रे (क्रमागत आयोजना) | मनकामना निर्माण सेवा | २५००००० | २८-१२-२०७८ | ० |
| २ | २९-१२-२०७८ | १८८ | बाह्रबिसे-डके-खाँदबारी सडक स्तरोन्नती योजना | शुभ एण्ड ध्रुव कन्स्ट्रक्सन प्रा.लि. | २१००००० | ०३-०२-२०७९ | ० |
| ३ | २३-०३-२०७९ | ३३८ | सामुदायिक भवन सभाहल निर्माण | सभापोखरी कन्स्ट्रक्सन | ० | २६-०४-२०७९ | २६०००० |
| | २२-११-२०७८ | १ | अस्पताल | ६१७३९३८२७-चक्रेश्वरी — जोशी — चेम्जोङ जे भी | ५४४८००० | | |
| | २०-१२-२०७८ | २ | अस्पताल | ६१७३९३८२७-चक्रेश्वरी — जोशी — चेम्जोङ जे भी | ८५०००० | | |
| | २७-०३-२०७९ | ४ | अस्पताल | ६१७३९३८२७-चक्रेश्वरी — जोशी — चेम्जोङ जे भी | ६०९०००० | | |
| ३ | २२-०३-२०७९ | 333 | लुकिम्वा फाकुवा सडक ट्र्याक ओपन | जय बंगाला मुखी निर्माण सेवा | ० | २५-०४-२०७९ | २६०००० |
| ३ | संस्थागत | | | | | | |
| २ | १८-०२-२०७९ | 263 | सेवा र परामर्श खर्च | खेन्पालुङ्ग अध्ययन तथा अनुसन्धान केन्द्र नेपाल | | २२-०३-२०७९ | १५०००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | उपभोक्ता समिति | | | | | | |
| १ | १६-१०-२०७८ | 57 | लुकिम्बा खा.पा.यो निर्माण | लुकिम्बा खा.पा.यो.निर्माण उपभोक्ता समिति | | २२-११-२०७८ | १७४६०० |
| १ | ०५-०९-२०७८ | 39 | हरेलो खानेपानी | हरेलो खानेपानी योजना उपभोक्ता समिति | | १०-१०-२०७८ | १४५००० |
| २ | ११-१०-२०७८ | 2 | चिण्डेखोला बजाकसभापोखरी गाउँपालिका | वोजाक झो.पु. निर्माण उपभोक्ता समिति | | १७-११-२०७८ | ६६०००० |
| ३ | १६-१०-२०७८ | 56 | फाकुवा वृहत खा.पा. योजना एक घर एक धारा निर्माण | फाकुवा वृहत खा.पा. योजना एक घर एक धारा निर्माण उपभोक्ता समिति | | २२-११-२०७८ | ४०७००० |
| ४ | १८-१२-२०७८ | 152 | देउराली भ्यूटावर निर्माण | देउराली भ्यू टावर निर्माण उपभोक्ता समिति | | २३-०१-२०७९ | ५८०००० |
| ५ | २२-१२-२०७८ | 169 | समपुरक कोष | सामुदायिक सभाहल निर्माण उपभोक्ता समिति | | २७-०१-२०७९ | ५००००० |
| ६ | ०९-०१-२०७९ | 206 | याक्चीलिङ्ग पदमार्ग निर्माण | याक्चिलिङ्ग पदमार्ग निर्माण उपभोक्ता समिति | | १३-०२-२०७९ | १४५५०० |
| ७ | १६-०१-२०७९ | 219 | जामुने दानाबारी मोटरबाटो निर्माण | जामुने दानावारी मोटरबाटो निर्माण उपभोक्ता समिति | | २०-०२-२०७९ | १७४००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>८</td><td>२१-०१-२०७९</td><td>225</td><td>बुद्द छ्योलिङ्ग गुम्वा शौचालय निर्माण सिंचुवा</td><td>बुद्ध छ्योलिङ्ग गुम्बा सौचालय निर्माण उपभोक्ता समिति</td><td></td><td>२५-०२-२०७९</td><td>८७,३००</td></tr>
<tr><td>९</td><td>०९-०२-२०७९</td><td>227</td><td>सामुदायिक भवन सभाहल निर्माण</td><td>सामुदायिक सभाहल निर्माण उपभोक्ता समिति</td><td></td><td>१३-०३-२०७९</td><td>२५०००००</td></tr>
<tr><td>१०</td><td>१३-०३-२०७९</td><td>292</td><td>लुङ्गदु सडक स्तरोन्नती</td><td>लुङ्गदु सडक स्तरोन्नती उपभोक्ता समिति</td><td></td><td>१६-०४-२०७९</td><td>०</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td>जम्मा</td><td>१६९८८०००</td><td></td><td>६०४३४००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२०.२</td><td></td><td></td><td>कर्मचारी पेश्की-<br><br>...........(प्रारम्भिक प्रतिवेदन उपर पेश्की फस्यौंट भई पेश भएको आधारमा मिति २०७९।१२।१५ को निर्णयबाट रु. ११७००० ।- सम्परीक्षण गरिएको ।)</td><td></td></tr>
<tr><td>२१</td><td></td><td></td><td>खरिद तथा ठेक्का अभिलेखः ठेक्काबाट भएको कामको अभिलेख सार्वजनिक निकायले म ले प फा नं ५०६ बमोजिमको ढाँचामा ठेक्कागत अभिलेख खाता र म ले प फा नं ५०७ बमोजिम ठेक्का सम्बन्धी गोश्वारा लगत राख्नुपर्ने व्यवस्था गरेको छ। तर यस पालिकाले ठेक्का मार्फत निर्माण कार्य गराउँदा म ले प फा नं ५०६ र म ले प फा नं ५०७ वमोजिमको लगत राखेको देखिएन।</td><td></td></tr>
<tr><td>२२</td><td></td><td></td><td>अनुमानमा घटी आयः पालिकाले पेश गरेको आय व्ययको अनुमानमा आन्तरिक आय तर्फ कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. ५४३१५०००।०० आय प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७७।७८ मा रु.५७७२५१०।०० अर्थात अनुमानको तुलनामा १०.६२ प्रतिशत मात्र आय प्राप्त गरेको छ । राजस्व आम्दानी भन्दा प्रक्षेपण वढी भएको कारणले पालिकाले यस वर्षको अन्त्य सम्म पनि योजनाहरुको भुक्तानी दिन नसकेको पालिकाले उल्लेख गरेको छ । आयको अनुमान</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | र वास्तविक प्राप्ति विच धेरै फरक परेको कारण पहिचान गरी वास्तविक श्रोतको यथार्थता एकिन गरी आय आर्जन गर्ने तर्फ विशेष रुपले ध्यान दिन आवश्यक देखिएको छ । | |

| सि.नं. | शीर्षक | प्रस्तावित आय | वास्तविक आय | आम्दानी(%) |
|---|---|---|---|---|
| १ | ११३२१ घरवहाल कर | २००००० | १२१६५३ | ६१ |
| २ | ११६९१ अन्य कर | ५००००० | ९०७६०६ | १८२ |
| ३ | १४२४९ अन्य दस्तुर | १५००००० | ४१२८६२ | २८ |
| ४ | १४३१३ धरौटी सदरस्याहा | ३००००० | ० | ० |
| ५ | १४४२१ पूँजीगत हस्तान्तरण | ४०००००० | २८००००० | ७० |
| ६ | १४५२९ अन्य राजस्व | ४७३१५४७१ | १११४९६९ | २ |
| ७ | १५१११ बेरूजू | ५००००० | १५४२० | ३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २३ | | | **सामुदायिक वनबाट प्राप्त गर्ने आयः** स्थानीय सरकार संचलान ऐन, २०७४ को दफा ६२ख मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपभोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना वनाई गाउँपालिका तथा नगरपालिकाबाट स्वीकृत गराउनुपर्ने तथा वन पैदावारको विक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित गाउँपालिका तथा नगरपालिकाको संचित कोषमा जम्मा गर्नु पर्ने उल्लेख छ । तर पालिकामा सामुदायिक वन उपभोक्ता समितिको विवरण प्राप्त भएन । कार्ययोजना स्वीकृत तथा वन पैदावार विक्री वापतको १० प्रतिशत रकम स्थानीय संचितकोष दाखिला भएको देखिएन । कानूनमा उल्लेख भए बमोजिम कार्यान्वयन गरिनुपर्दछ । | |
| २४ | | | **कर तथा शुल्क असुलीः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५,५७,५८ र ५९ मा एकीकृत सम्पत्ति कर,भबन निर्माण अनुमति दस्तुर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझिलिने परिपाटी | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>रहेकोले राजश्व असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी सबैलाई करको दायरामा ल्याउनु पर्दछ</td><td></td></tr>
<tr><td>२५</td><td></td><td></td><td>भेरीएसन<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११८ मा संझौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिने परिस्थिति सो संझौता कार्यान्वयनको क्रममा सिर्जना भई सार्वजनिक निकायले भेरीएसन आदेश जारी गर्नुपर्ने भएमा नियमावलीमा भएको प्रकृया पूरागरी भेरिएशन जारी गर्नसक्ने व्यवस्था गरेको छ। भेरिएसन गर्दा निर्माण कार्यको ड्रईङ डिजाईन तथा स्पेशिफिकेशन वदल्नुपर्ने वा नपर्ने बदल्नुपर्ने भएमा निर्माण कार्यको आधारभुत प्रकृति वा क्षेत्र परिवर्तन हुने वा नहुने भेरिएसन परिमाणको प्राविधिक पुष्ट्याई र कारण लागत अनुमानमा प्रभाव पर्ने भए सोको प्रतिशत लगायत विवरण खुलाउनु पर्ने व्यवस्था गरेको छ। तर पालिकाले वगैचा डके सडक स्तरोन्नति गर्न लागत अनुमान रु २००९८६६३।५१ गरेकोमा निर्माण व्यवसायी अरुण बरुण निर्माण सेवा कम्पनि प्रा.लि., संखुवासभासंग रु १३८१४४४२।७५ मा २०७८।३।३० सम्ममा कार्य सम्पन्न गर्नेगरी संझौता गरेकोमा भेरिएसन पछि संसोधित संझौता रकम रु १५०९५७७७।४३ कायम गरी ७.१३ प्रतिशत भेरिएसन भएकोमा नियमावली वमोजिम स्पष्ट कारण खुलाएको पाईएन।</td><td></td></tr>
<tr><td>२६</td><td></td><td></td><td>कार्य सम्पादन जमानत<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११० अनुसार त्रुटी सच्याउने अवधि भन्दा कम्तिमा एक महिना वढि अवधी भएको कार्य सम्पादन जमानत राख्नुपर्ने व्यवस्था गरेको छ। तर निम्न अनुसारका निर्माण कार्यको विमा तथा कार्यसम्पादनको म्याद कानुनमा तोकिए वमोजिमको अवधी सम्मको देखिएन। कार्य सम्पादन जमानतको म्याद सकिएको अवस्थामा निर्माण व्यवसायीले दायित्व पुरा नगरेको अवस्थामा जिम्मेवार वनाउन सकिदैन। तसर्थ कानुनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ।<br>
<table>
<tr><th>ठेक्का नं</th><th>कामको विवरण</th><th>निर्माण व्यवसायीको नाम र ठेगाना</th><th>कार्य सम्पादन जमानत</th><th>म्याद सकिने मिति</th><th>काम समाप्त गर्नुपर्ने मिति</th><th>म्याद थप भएकोमा कायम भएको मिति</th></tr>
<tr><td>07/077/078</td><td>५ शैया प्राथमिक अस्पताल निर्माण</td><td>चक्रेश्वरी-जोशी-चेम्जोङ जे.भी,</td><td>३५०००००</td><td>२०८०/०५/०४</td><td>२०८०/०३/३०</td><td></td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 08/077/078 | त्रीवेणी धाम बाह्रबिसे सभापोखरी पर्यटकीय क्षेत्र निर्माण | जय धनन्जय-श्री महागौरी-अरुण बरुण जे.भी., | ५९३२००० | २०८०/११/१८ | २०८०/०३/३० | |
| 04/077/078 | बगैचा डके सडक स्तरोन्नती | अरुण बरुण निर्माण सेवा कम्पनि प्रा.लि., संखुवासभा | २३२५४३३ | २०७९/०१/०३ | २०७८/०३/३० | २०७९/०५/१५ |
| 1/078/079 | बाह्रबिसे डके खाँदबारी सडक स्तरोन्ती (बाह्रबिसे देउराली खण्ड) | मनकामना निर्माण सेवा, सभापोखरी-३, संखुवासभा | २८००००० | २०७९/११/०७ | २०७९/०३/३० | २०७९/०५/३० |
| 2/078/079 | बाह्रबिसे डके खाँदबारी सडक स्तरोन्ती (देउराली पाङ्मा खोला खण्ड) | शुभ एण्ड ध्रुव कन्स्ट्रक्सन प्रा.लि., दिक्तेल, | ३५११००० | २०७९/११/०९ | २०७९/०३/३० | - |
| 06/077/078 | धुपु बृहत खानेपानी योजना | सुनकोशी हलेसी जे.भी., काठमाण्डौं | १८७५००० | २०७९/०१/३० | २०७८/०३/१५ | २०७८/०८/३० |
| 3/078/079 | धुपु बृहत खानेपानी योजना | सुनकोशी कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि., सुर्यविनायक-५, | १६००००० | २०८०/०१/२२ | २०७९/०३/३० | २०७९/०५/३० |
| 02/077/078 | डके पाङ्मा खोला सडक स्तरोन्नती | मनकामना निर्माण सेवा, चिचिला-४, संखुवासभा | पेश नभएको | | २०७८/०३/३० | २०७८/११/३० |
| 05/077/078 | माघेनी सिकिदिम फाकुवा सभापोखरी सडक निर्माण | शुभ एण्ड ध्रुव कन्स्ट्रक्सन प्रा.लि., दिक्तेल, | १९१९५४० | २०७८/१२/०८ | २०७८/०३/३० | २०७८/११/३० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td>03/077/07 8</td><td>खिलिङ पावा सडक ट्र्याक ओपन</td><td>मनकामना निर्माण सेवा, चिचिला-४, संखुवासभा</td><td>१०७३९६०</td><td>२०७९/० १/०३</td><td>२०७८/० ३/३०</td><td>२०७८/० ८/३०</td></tr></table></td><td></td></tr>
<tr><td>२७</td><td></td><td></td><td>पुर्वनिर्धारीत क्षतिपूर्ति<br>सभापोखरी गाउँपालकाको सावजिनक खरिद नियमावली, २०७६ को १३० (क) मा निर्माण व्यवसायीको ढिलाइको कारणले खरिद सझौता बमोजमको काम सो समझौतामा तोकिएको म्याद समाप्त हुन नसकेमा निजले गाउँपालकालाई सझौता रकमको १० प्रतिशत नबढ्ने गरी साधारणतया प्रति दिन सझौता रकमको शुय दशमलव शुय ५ प्रतिशत पूर्वनिर्धारित क्षतिपूति असुल गर्नु पर्ने व्यवस्था छ। तर धुपु बृहत खानेपानी योजना ठेक्का नं ६-२०७७।७८ को निर्माण व्यवसायी सुनकोशी हलेसी जे.भी., काठमाण्डौंसंग रु ९९९९९९९।९८ मिति २०७८।३।१५ मा निर्माण कार्य सम्पन्न गर्ने गरी संझौता गरेकोमा २०७८।८।३० सम्म म्याद थप गरेको देखिन्छ। तर सो अवधीमा पनि निर्माण कार्य सम्पन्न गरेको नदेखिएकोले रु८८४९५५७।५० को १० प्रतिशतले हुने रु ८८४९५५।७५पुर्वनिर्धारीत क्षतिपुर्ति असुल गर्नुपर्ने देखिएको रु</td><td>८८४,९५५.७५</td></tr>
<tr><td>२८</td><td></td><td></td><td>त्रिवेणी धाम पर्यटकिय स्थल निर्माण<br>पर्यटन पूर्वाधार तथा पर्यटन उपज विकास साझेदारी कार्यक्रम अन्तरगत त्रिवेणीधाम बाह्रविसे सभापोखरी पर्यटकीय क्षेत्र निर्माण कार्यको लागि शसर्त अनुदान तर्फ रु १५८९००० र पालिकाले आन्तरीक श्रोत तर्फ रु १ करोड ५० लाख रकम विनियोजन गरेको देखिन्छ। उक्त निर्माण कार्य ठेक्का नं ८- २०७७।७८ को लागत अनुमान रु ५०४०४१८१।३७ गरी जय धनन्जय-श्री महागौरी-अरुण बरुण जे.भी., खाँदबारी, संखुवासभासंग रु ३४४२३९२६।०८ मा २०८०।३।३० मा काम सम्पन्न गर्नेगरी २०७८।१०।२८ गते सम्झौता गरेको छ। तर हालसम्म पनि उक्त निर्माणकार्य सुचारु गरेको देखिएन। निर्माण व्यवसायीलाई संझौता वमोजिम निर्माण कार्य समयमा नै गराउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।</td><td></td></tr>
<tr><td>२९</td><td></td><td></td><td>वाह्रबिसे डके खाँदबारी सडक स्तरोन्नती<br>वाह्रबिसे डके खाँदबारी सडक स्तरोन्नती (देउराली पाङ्मा खण्ड) कार्यको लागत अनुमान रु १९९९५२७८।९५ भएकोमा निर्माण व्यवसायी शुव एण्ड ध्रुव कन्ट्रक्सन प्रालिसँग मिति २०७८ फाल्गुन १० गते रु ११०८३७८३।०६ मुअकर समेतमा २०७९।३।३० मा कार्य सम्पन्न गर्ने गरी संझौता भएको छ। उक्त निर्माण कार्य सुचारु गर्न पालिकाले पटक पटक तागेता गर्दा समेत निर्माण कार्य सुचारु गरेको देखिएन। यस निर्माण कार्यको लागि निर्माण व्यवसायीलाई पेश्की रु २१२००००</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>दिएको मा मिति २०७९।३।३२मा नै पेश्कीको म्याद समाप्त भइसकेको छ। गाउँपालिकाले पेश्की ग्यारेन्टि रोक्का गरिदिन बैंकलाई पत्र लेखेकोमा बैंकले २०७९।३।१३ मा फुकुवा गर्ने पत्र प्राप्त नहुन्जेल रोक्का राख्ने जानकारी दिएको छ। पालिकाले पेश्की तथा कार्यसम्पादन जफत गरी काम नगर्ने निर्माण व्यवसायीलाई नियमाली वमोजिम कारवाही गर्नुपर्नेमा सो वमोजिम गरेको देखिएन। नियमावलीको प्रकृया पुरागरी निर्माण कार्य सम्पन्न गराउनु पर्दछ।<br>निर्माणकार्यकोलागि दिएको पेश्कीको म्याद सकिदा पेश्की जोखिममा परेको देखिएकोले नियममा भएको व्यवस्था वमोजिम व्याज सहित पेश्की जफत गर्नुपर्ने रु</td><td></td></tr>
<tr><td>३०</td><td></td><td></td><td>उपभोक्ता समितिमार्फत जटिल प्रकृतिको कार्य<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (९) अनुसार उपभोक्ता समिति वा लाभग्राही समुदायवाट संचालन हुने निर्माण कार्यमा हेभि मेसिनहरु प्रयोग गर्न नसकिने व्यवस्था गरेको छ। तर लागत अनुमान तयार गर्दाको समयमा हेभी मेसिन प्रयोग गर्नुपर्ने जटील किसिमको प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्वन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायवाट सहमतिलिई त्यस्ता मेसिन प्रयोग गर्न सकिने छ। तर निम्न अनुसारको उपभोक्ता समिति मार्फत काम गराउन लागत अनुमान तयार गर्दा डोजर रोलर जस्ता हेभि ईक्यूपमेन्टवाट काम गराउने दर लिएर लागत अनुमान तयार गरेतापनि प्राविधिकले जटिल प्रकृतिको कार्य भए नभएको निर्क्योल गरी उल्लेख नगरेको तथा सार्वजनिक निकायवाट सहमति लिएको समेत देखिएन।
<table>
<tr><th>क्र.सं.</th><th>भुक्तानी पाउने</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>१</td><td>सिकिदिम फाकुवा मोटरबाटो निर्माण उपभोक्ता समिति</td><td>१८२९८२९</td></tr>
<tr><td>२</td><td>सिकिदिम दिङ्गलाखोला सडक निर्माण उपभोक्ता समिति</td><td>१८२८८३७</td></tr>
<tr><td>३</td><td>खोक्राङ्ग देखि बाह्रबिसे सडक मर्मत उपभोक्ता समिति</td><td>१७५७७३६</td></tr>
<tr><td>४</td><td>भाङ्गटार जिरो प्वाईन्ट देखि खेवारिङ्ग जाने सडक स्तरोन्नती उपभोक्ता समिति</td><td>१७२१४५८</td></tr>
<tr><td>५</td><td>अलैचे फुकाम मोटरबाटो ट्र्याक ओपन उपभोक्ता समिति</td><td>१६१०१८८</td></tr>
<tr><td>६</td><td>पावा फुकाम सडक ट्र्याक ओपन उपभोक्ता समिति</td><td>१३७१८८०</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ७ \| पावा भनङ्याङ मोटरबाटो निर्माण उपभोक्ता समिति \| १३५३७३८<br>८ \| कवड हल निर्माण उपभोक्ता समिति \| १३३८३९४ | |
| ३१ | | | **सामुदायिक भवन निर्माण**<br>सामुदायिक हल भुई तला निर्माण गर्न रु ४३२०४५४।८२ लागत अनुमान तयार गरी आर्थिक वर्ष २०७७।७८ मा उपभोक्ता समितिसंग २०७८।१२।३० सम्ममा काम सम्पन्न गर्नेगरी संझौता भएकोमा कार्यसम्पन्न गरी रु ४२४५५१०।५७ भुक्तानी गरेको देखिन्छ। सोही भवनको प्रथम तथा दोस्रो तला निर्माण कार्य गर्न रु ७६१०३७३।९० को लागत अनुमान तयार गरी सोही उपभोक्ता समितिसंग मिति २०७९।२।३० सम्ममा कार्य सम्पन्न गर्ने गरी संझौता गरेकोमा हाल सम्म प्रथम रनिङ विल वापत रु २४८८२६८।४३ को कार्य सम्पन्न गरेको छ। हाल सम्म पेश्की वापत ५०४०००० रकम भुक्तानी गरेकोमा रु २०४०००० पेश्की फछर्यौट गरी रु ३०००००० फछर्यौट गर्न वांकी रहेको देखिन्छ। प्रथम रनिङ विल वापत पालिकाले रु २२२३३१० भुक्तानी गरेको छ। यस सम्वन्धमा देखिएका व्यहोरा निम्नबमोजिम छन्:<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (५) मा संझौता भएपछि सार्वजनिक निकायले त्यस्तो समिति वा समुदायलाई संझौता रकमको बढीमा एकतिहाई रकम सम्मको अग्रिम रुपमा पेश्की दिन सकिने व्यवस्था गरेको छ। सार्वजनिक निकायले त्यसरी दिएको पेश्कीको अन्तिम किस्ता भुक्तानी गर्नु अघि फछर्यौट गरी सक्नुपर्ने व्यवस्था गरेको छ। तर सभाहल निर्माण गर्दा तोकिएको भन्दा वढि पेश्की दिएको देखियो। तोकिएको भन्दा बढि पेश्की दिने कार्य नियन्त्रण हुनुपर्छ<br>सार्वजनिक खरिद नियमावलीको नियम ५ (क) मा सार्वजनिक निकायको प्रमुखले कुनै निर्माण कार्य गर्नु अघि स्पेशिफिकेशन योजना नक्सा डिजाईन विषेश आवश्यक्ता वा अन्य विवरण तयार पार्नुपर्ने व्यवस्था तर पालिकाले सेवा खरिद गर्नु स्पेशिफिकेशन योजना नक्सा डिजाईन विषेश आवश्यक्ता वा अन्य विवरण तयार नगरी आर्थिक वर्ष २०७७।७८ मा भुई तला सामुदायिक हल निर्माण कार्य गराएकोमा पुन आव २०७८।७९ मा तला थप गर्न निर्माण कार्य गराएको देखियो।<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (१) अनुसार एक करोड रुपयाँसम्म लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा सोही स्थानमा बसोवास गर्ने बासिन्दा र त्यस्तो सेवा उपभोग गर्ने समुदाय मात्र रहेको उपभोक्ता समिती बाट गराउन सकिने व्यवस्था गरेको छ। पालिकाले सामुदायिक हल निर्माण गराउँदा लागत अनुमान रु ७६१०३७३।९० र ४३२०४५४।८३ का दुई वटा टुक्रापारी रु १ करोड भन्दा बढिको कार्य गराई नियमसंम्मत नदेखिएको रु५०५३९२० | ५,०५३,९२० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>भौचर नं</td><td>विवरण</td><td>लागत अनुमान</td><td>भुक्तानी रकम</td></tr>
<tr><td>१६९-२०७८।१२।२२</td><td>भुईतला</td><td>४३२०४५४।८२</td><td>२७२३३१०</td></tr>
<tr><td>४४-२०७८।९।५</td><td rowspan="2">पहिलो तथा दोस्रो तला</td><td rowspan="2">७६१०३७३।९०</td><td>१६०९६३५</td></tr>
<tr><td>१४१-२०७८।१२।१७</td><td>७१०९७५</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>५०५३९२०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३२</td><td>१५४</td><td>२०७९-३-२४</td><td>पाठ्यपुस्तक<br>कार्यक्रम कार्यान्वयन पुस्तिका को क्रियाकलाप ३.१ अनुसार सार्वजनिक विद्यालयका विद्यार्थीहरूका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान दिन प्रतिविद्यार्थी लागतका आधारमा कक्षा १ देखि १२ सम्म विद्यार्थीका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान दिने उल्लेख छ । पालिकाले पुस्तकालयमा आधारित पाठ्यपुस्तक कक्षा ११ र १२ को लागि देहायको विद्यालयहरुलाई रु १,००,०००/-निकासा भएको पाइयो । कक्षा ११ र १२ मा अध्ययनरत विद्यार्थीलाई समेत निशुल्क पाठ्य पुस्तक वापतको रकम निकासा भएको र पुस्तकालयमा आधारित पाठ्यपुस्तकको लागि कार्यक्रम पुस्तिकामा व्यवस्था नरहेकोले उक्त रकम असुल गरी संघीय संचित कोष दाखिला गर्नुपर्ने रु
<table>
<tr><td>क.सं.</td><td>विद्यालयको नाम</td><td>निकासा रकम</td></tr>
<tr><td>१</td><td>त्रिवेणी मावि, बाहविसे</td><td>५००००</td></tr>
<tr><td>२</td><td>जनज्योती मावि, धुपु</td><td>५००००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१०००००</td></tr>
</table>
</td><td>१००,०००</td></tr>
<tr><td>३३</td><td>८</td><td>२०७८-६-१८</td><td>करार कर्मचारी चाडपर्व खर्चः नेपाल सरकार, मन्त्री परिषद्को २०७४।१।२१ को निणर्यानुसार कार्यालयको स्वीकृत दरबन्दी भित्र करारमा रहेका कर्मचारीहरुलाई कम्तिमा ६ महिना करार सेवा गरेमा सालवसाली रुपमा १ महिनाको आधारभुत पारिश्रमिक वरावरको चाडपर्व खर्च उपलब्ध गराउने उल्लेख छ । गाउँपालिकाले देहायका विद्यालयहरुलाई प्रथम त्रैमासिकको</td><td>१००,६००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>तलव भत्ता रकम भुक्तानी गर्दा शिक्षकहरुको करार अवधि ६ महिना नपुग्दै कार्यालयवाट चाडपर्व खर्च बापत रु १००६००/- निकासा भएकोले उक्त भुक्तानी रकम अनियमति भएको रु.
<table>
<tr><td>विद्यालयको नाम</td><td>विवरण</td><td>नियुक्ति मिति</td><td>चाडपर्व बापतको रकम</td></tr>
<tr><td>त्रिवेणी मा वि</td><td>शिक्षक नियुक्ति</td><td>२०७८।४।१८</td><td>४३३८०</td></tr>
<tr><td>जालपा आ वि</td><td>शिक्षक नियुक्ति</td><td>२०७८।४।१८</td><td>२८६१०</td></tr>
<tr><td>रानीढुंगा आ वि</td><td>शिक्षक नियुक्ति</td><td>२०७८।४।१७</td><td>२८६१०</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१००६००</td></tr>
</table></td><td></td></tr>
<tr><td>३४</td><td></td><td></td><td>दिवा खाजा<br>कार्यक्रम कार्यान्वन पुस्तिका २०७८।७९ अनुसार स्थानीय तहले विद्यालयमा प्रत्यक्ष कक्षा संचालनमा रहेका दिनका लागि मात्र सामुदायिक विद्यालयमा प्रारम्भिक वाल विकास कक्षा देखि कक्षा ५ सम्म अध्ययनरत वालबालिकाहरुका लागि उपलव्ध गराउन विद्यालयगत तथ्यांकका आधारमा प्रतिविद्यार्थी दैनिक रु १५/- का दरले १८० दिनका लागि विद्यालय संचालन भएको दिनलाई मात्र आधार मानेर अनुदान व्यवस्था मिलाउने । स्थानीय तहले दिवा खाजामा उपलव्ध गराईएका विद्यार्थीहरुको दैनिक हाजिर पुस्तिकाको प्रतिलिपि विद्यालयका प्रधानाध्यापक र विव्यास अध्यक्षबाट प्रमाणीत गराई स्थानीय तहमा संकलन गरी संख्या एकिन भए पश्चात मात्र थप अनुदान दिने व्यवस्था मिलाउने तेश्रो त्रैमासिकको निकासा गर्दा पहिलो र दोश्रो त्रैमासिकमा निकासा भएको रकम सदुपयोगको सुनिश्चित गर्ने । सबै विद्यालयका प्रधानाध्यापकहरुको बैठक राखी रहेको दिवा खाजा व्यवस्थापन पुस्तिका २०७७ जानकारी गराउने र सम्भव भए सम्म स्थानीय तहभित्रका सबै विद्यालयहरुमा एकै किसिमको मेनु व्यवस्थापनमा सहजिकरण गर्ने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष दिवा खाजा वापत २८ विद्यालयलाई रु २९१०८४०/-भुक्तानी दिएको छ । कार्यान्वयन पुस्तिका बमोजिम सबै विद्यालयहरुले प्रधानाध्यापक र विव्यास अध्यक्षबाट हाजिरी प्रतिलिपि प्रमाणित गरेको छैन। पालिकाले दिवा खाजाको मेनुमा एकरुपता तथा खर्चको सदुपयोगको सम्बन्धमा पालिकाबाट नियमित अनुगमन भएको देखिएन । कानून बमोजिम खर्चको उपलब्धि मापन गरी कार्यक्रमलाई फलदायि बनाउनु पर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३५</td><td></td><td></td><td>छात्रवृत्तिः सामुदायिक विद्यालयका विद्यार्थीहरुको लागि तोकिएको फिडर, अपाङ, दलित तथा छात्रा छात्रवृति बापत रु. ७२९४०० /- रकम विद्यालय खातामा निकासा गरेको छ । विद्यालयले तोकिएको आधारमा छात्रवृत्ति पाउने विद्यार्थीलाई रकम बुझाएको अनुगमन प्रतिवेदन पेश नभएकोले उक्त प्रतिवेदन समेत लिई खर्च भएको सुनिश्चितता हुनुपर्ने रु.
<table>
<tr><th>क्र.सं.</th><th>विद्यालयको नाम</th><th>रकम</th></tr>
<tr><td>१</td><td>कैलास मावि</td><td>२६४००</td></tr>
<tr><td>२</td><td>जनहित आवि नोक्लुङ</td><td>५२००</td></tr>
<tr><td>३</td><td>शिलपथ्थर आवि खिलिङ</td><td>१२००</td></tr>
<tr><td>४</td><td>जल्पा आवि खेवारिङ</td><td>१८०००</td></tr>
<tr><td>५</td><td>सिद्धार्थ आवि इथुम्बु</td><td>२०००</td></tr>
<tr><td>६</td><td>कालिका आवि अलैचे</td><td>८०००</td></tr>
<tr><td>७</td><td>सिंहदेवी आवि सिवाक्पा</td><td>७२००</td></tr>
<tr><td>८</td><td>जलेश्वर आवि चप्लेवा</td><td>२४००</td></tr>
<tr><td>९</td><td>रानीढुंगा आवि फुकाम</td><td>४४००</td></tr>
<tr><td>१०</td><td>कालिका आवि सनेम</td><td>२०००</td></tr>
<tr><td>११</td><td>मंगलादेवी आवि गोठगाउँ</td><td>४०००</td></tr>
<tr><td>१२</td><td>जाल्पा आवि हेरेलो</td><td>२०००</td></tr>
<tr><td>१३</td><td>जन्ता आवि तल्लो धुपु</td><td>८०००</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१४</td><td>पंचज्योतिआवि</td><td>८४००</td></tr>
<tr><td>१५</td><td>जनजागृती आवि माथिल्लो धुपु</td><td>१३२००</td></tr>
<tr><td>१६</td><td>कालिका आवि लेव्राङ</td><td>१२४००</td></tr>
<tr><td>१७</td><td>शारदा आवि वितलव</td><td>१८८००</td></tr>
<tr><td>१८</td><td>जनज्योती आवि धुपु</td><td>५६४००</td></tr>
<tr><td>१९</td><td>सिहेश्वरी आवि ज्यामिरे</td><td>१००००</td></tr>
<tr><td>२०</td><td>कालिका आवि कोक्तासी</td><td>६०००</td></tr>
<tr><td>२१</td><td>प्रकाश आवि</td><td>८४००</td></tr>
<tr><td>२२</td><td>त्रिवेणी मावि</td><td>७८८००</td></tr>
<tr><td>२३</td><td>हिमा मावि</td><td>३३६००</td></tr>
<tr><td>२४</td><td>सिंहेश्वरी आवि सिकिदिम</td><td>९२००</td></tr>
<tr><td>२५</td><td>सभापोखरी आवि आपुङ</td><td>३६००</td></tr>
<tr><td>२६</td><td>जनसेवा आवि सिंचुवा</td><td>१६००</td></tr>
<tr><td>२७</td><td>सिद्धेढुंगा आवि</td><td>५२००</td></tr>
<tr><td>२८</td><td>सरस्वति आवि लुकिम्बा</td><td>१६००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>३५८०००</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३६</td><td>१३९</td><td>२०७९-३-२२</td><td>सेनिटरी प्याडः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ मा सार्वजनिक निकायले खरिद कारवाहीको तयारी गर्दा आवश्यक्ता पहिचान गर्ने, खरिदको आर्थिक श्रोत र रकम पहिचान गर्ने, खरिद विधि छनौट गर्ने लगायतको कार्य गर्नुपर्ने गरी तोकिएको छ । साथै सशर्त शिक्षा(संघ)तर्फको बजेट खर्च गर्दा कार्यक्रम कार्यावयन पुस्तिका २०७८।७९ मा तोकिएनुसार गर्नुपर्ने समेतको व्यवस्था छ । पालिकाले आवश्यक्ता पहिचान बेगर विद्यालयबाट माग संकलन नगरी ७२३१ ( प्रति प्याकेट रु. ९० मू.अ.कर समेत दर) रु ७१५९६२ रकमको स्यानिटरी प्याड खरिद गरेको पाईयो । उक्त प्याड स्पेशिफिकेशन बमोजिम भए नभएको सम्बन्धमा गुणस्तर परिक्षण समेत भएको पाईएन एवं वर्षान्तसम्म पनि उक्त सामग्री पालिकाकै जिन्सी खातामा मौज्दात रहेको पाईयो । आवश्यक्ता पहिचान बेगर खरिद गरिएको प्याड कार्यक्रम कार्यान्वयन पुस्तिकामा तोकिए बमोजिमलाई हस्तान्तरण गरी खर्चको सुनिश्चितता हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>३७</td><td></td><td></td><td>शिक्षक दरबन्दी पदपूर्तिः स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ४१ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।<br><br>
<table>
<tr><th>सि.नं.</th><th>विद्यालयको नाम</th><th>शिक्षक दरबन्दी</th><th>पदपूर्ति</th><th>पदपूर्ति मध्ये करार</th><th>विद्यार्थी संख्या</th></tr>
<tr><td>१</td><td>विभिन्न २८ विद्यालय</td><td>११८</td><td>११७</td><td>३८</td><td>२६९०</td></tr>
</table><br>
उपरोक्त शिक्षक दरबन्दी र पदपूर्ति एवम् विधार्थी सङख्या विश्लेषण गर्दा पालिकामा प्रति शिक्षक औषतमा २३ जना विद्यार्थी पढाउनु पर्ने अवस्था देखिएको छ । सबै भन्दा बढी त्रिवेणी मा वि मा प्रति शिक्षक ८६ जना विद्यार्थी तथा सबै भन्दा कम सरस्वति आ वि, लुकिम्बामा ६ जना विद्यार्थी पढाउनु पर्ने देखियो । विद्यार्थी संख्याको तुलनामा शिक्षक दरबन्दीको असमान वितरण भएको देखिदा पालिकाले शिक्षक दरवन्दी मिलानको कार्य यथाशीघ्र अगाडि बढाउनु पर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>३८</td><td></td><td></td><td>राष्टपति शैक्षिक सुधार कार्यक्रमः कार्यक्रम कार्यक्रम पुस्तिका आ.व. २०७७/७८ को क्रियाकलाप नं २.७.१३.२७ मा राष्टपति शैक्षिक सुधार कार्यक्रम अन्तरगत तोकिएको विद्यालयहरुमा तोकिएको भौतिक तथा शैक्षिक पूर्वाधार विकासका लागि अनुदान उपलब्ध गराउने व्यवस्था अनुरूप तल उल्लेखित विद्यालयहरुलाई निकासा दिएको छ । राष्ट्रपति शैक्षिक सुधार</td><td>३,४००,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६ को ११ (छ) मा विद्यालयले तोकिएको ढाँचामा कार्यसम्पन्न प्रतिवेदन तयार गरी स्थानीय तहमा बुझाउनुपर्ने उल्लेख छ।यस वर्ष देहायको विद्यालयलाई निकासा गरेको रु ५४,००,०००/- को विद्यालयले तोकीएको ढाँचामा नापी किताव तथा कार्यसम्पन्न प्रतिवेदन पेश गरेको छैन । कानूनमा व्यवस्था भए बमोजिम कार्य सम्पन्न भएको प्रमाण पेश गर्नुपर्ने रु.<br><br>
<table>
<tr><th>क.सं.</th><th>विद्यालयको नाम</th><th>निकासा रकम रु</th></tr>
<tr><td>१</td><td>श्री जनज्योति माध्यमिक विद्यालय धुपु</td><td>३६०००००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>३६०००००</td></tr>
</table>
<br>(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।१५ को निर्णयबाट रु. १८००००० ।- सम्परीक्षण गरिएको ।)</td><td></td></tr>
<tr><td>३९</td><td>६५</td><td>२०७९-१-१४</td><td>औषधी खरिद<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा रु. २० लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ। तर स्थानीय तहहरुले उक्त प्रक्रियावेगर रु. ११५००००।- का औषधि सोझै खरिद गरेको छ। यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः<br><ul><li>खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको देखिएन ।</li><li>आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफाइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश देखिएन ।</li></ul></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>

- आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन।
- औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने देखिएन।

तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको यकिन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।
</td><td></td></tr>
<tr><td>४०</td><td></td><td></td><td>

**औषधि व्यवस्थापनः** यस कार्यालयबाट खरिद भएका ५ प्रकारका औषधिको प्राप्ती, उपयोग र मौज्दातको स्थितिको परीक्षण गर्दा देखिएको व्यहोरा देहायबमोजिम रहेको छ ।

| औषधिको नाम | पालिकाबाट खरिद | स्वास्थ्य कार्यालयबा प्राप्त | जम्मा आम्दानी | खर्च | बाँकी मौज्दात |
|---|---|---|---|---|---|
| Paracetamol 500mg | १००००० | १४००० | ११४००० | ५५७१० | ९८२९० |
| Iron (ferrious sulphate 60mg) | ० | ४४००० | ४४००० | १९९८० | २४०२० |
| Ibrufen | १९००० | ५०० | १९५०० | १७००० | २५०० |
| Tab metron | ७००० | ५०० | ७५०० | ७५०० | ० |
| Amoxycilin 500 | ३५००० | १४००० | ४९००० | ३०९०० | १८१०० |

औषधिको मौज्दात प्रणाली स्तरीय हुन सो को प्राप्ती र निकासा विच सन्तुलन कायम रहनु पर्दछ । Authorized stock level, Emergency order point औषधि प्राप्त हुने समय, Load time maximum consumption आइटम, Minimum Consumption
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | आइटमको आधारमा खरिद प्राप्ति एवं मौज्दात अवस्थाको निर्धारण गर्नुपर्नेमा गरेको छैन । आवश्यकताको आधारमा खरिद र प्राप्ति प्रकृया निर्धारण नगरेको हुँदा मौज्दातको अवस्था अधिकतम रुपले त्रुटि एवं बढी समेत देखिन सक्छ । साथै मौज्दातमा अधिक औषधि रहँदा म्याद समाप्त हुन सक्ने र सेवा प्रवाहमा असर हुने सम्भावना रहेकोले औषधिको माग पहिचान गरी खरिद र खर्च विच सन्तुलन कायम गर्न पर्दछ भने Pushing system लाई निरुत्साहित गरी जनतालाई निशुल्क स्वास्थ्य सेवा पुऱ्याउने तर्फ ध्यान दिनुपर्दछ ।<br><br>भण्डारमा मौज्दात रहेका निम्न ५ प्रकारका औषधिको Expiry date तथा निशुल्क वितरणको लोगो परीक्षण गर्दा निम्नानुसार पाइयो<br><br>औषधिको नाम / म्याद समाप्त हुने मिति / निशुल्क वितरणको लोगो:<br>Paracetamol 500mg / May, 2024 / छ<br>Iron (ferrious sulphate 60mg) / May, 2023 / छ<br>Ibrufen / June, 2023 / छ<br>Tab metron / Nov, 2023 / छ<br>Amoxycilin 500 / Oct, 2023 / छ | |
| ४१ | १६९ | २०७९-३-२५ | **फरक शिर्षकमा खर्च**<br>संघीय सरकारबाट प्राप्त सशर्त अनुदान तोकिएबमोजिम मात्र खर्च गर्नपर्दछ । कार्यालये यस वर्षस्थानीय तहका स्वास्थ्य चौकी, प्रा.स्वा.के. र अस्पतालहरुमा कार्यरत कर्मचारीहरुको तलव, महगी भत्ता, स्थानीय भत्ता, पोषाक लगायत प्रशासनिक खर्च शीर्षकबाट २ थान मोवाइल खरिद गरी रु १२५९३८।–खर्च गरेको छ । तोकिएको शिर्षक भन्दा फरक पारि मोबाइल खरिदमा गरेको खर्च नियमसंगत नदेखिएको रु | १२५,९५८ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४२</td><td></td><td></td><td>लागत अनुमान<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्वजनिक निकायले १ लाख रुपैयाभन्दा माथीको खरिदका लागि लागत अनुमात तयार गरी स्वीकृत गर्नुपर्ने उल्लेख छ । पालिकाले स्वास्थ्य संस्थाको लागि आवश्यक सर्जिकल सामाग्री तथा कम्प्युटर प्रिन्टर खरिद गरी रु १८९१९४४/- खर्च गरेको छ । तर पालिकाबाट उक्त सामाग्री खरिद गर्दा तोकिए बमोजिम लागत अनुमान तयार नगरी खरिद भएको रकम नियमसंम्मत नदेखिएको रु<br><table><tr><td>भौचर नं</td><td>विवरण</td><td>रकम</td></tr><tr><td>१६३-२०७८।३।२५</td><td>सर्जिकल सामाग्री</td><td>९९१९६२</td></tr><tr><td>१७१-२०७८।३।२५</td><td>कम्प्युटर तथा प्रिन्टर खरिद</td><td>८९९९८२</td></tr><tr><td></td><td>जम्मा</td><td>१८९१९४४</td></tr></table></td><td>१,८९१,९४४</td></tr>
<tr><td>४३</td><td>३३३</td><td>२०७९-३-२२</td><td>ढुवानी खर्चः कामका लागि पारिश्रमिकमाआधारित सामुदायिक योजना(संचालन तथा व्यवस्थापन) कार्यविधि २०७७ अनुसार स्थानीय तहले आफ्नो श्रोत समेत परिचालन गरी योजना संचालन गर्ने सक्ने उल्लेख छ । पालिकाले उक्त कार्यक्रमका लागि ढुंगा ढुवानी गरेको उल्लेख गरी बद्री कालाखेतिलाई रु १५६५००।- भुक्तानी दिएको छ । कार्यालयबाट कति परिमाण ढुंगा खरिद तथा ढुवानी गरेको उल्लेख छैन । ढुंगा ढुवानीको योजनागत विवरण पेश गर्नुपर्ने रु</td><td>१५६,५००</td></tr>
<tr><td>४४</td><td>१३३</td><td></td><td>खर्चको उपलब्धीः स्थानीय तहमा सूचीकृतबेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष २३ योजना संचालन गरी १०० जनालाई पारिश्रमिक वापत रु. ५७७००००/-खर्च गरेको छ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन ।</td><td></td></tr>
<tr><td>४५</td><td></td><td></td><td>लगत कट्टा पछि भुक्तानीः सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को वुदाँ नं. ९ मा सामाजकि सुरक्षा भत्ता प्राप्त गर्ने योग्यता सम्बन्धमा व्यवस्था गरेको छ । साथै सामाजिक सुरक्षा नियमावली २०७६ को नियम १३ मा सामाजिक सुरक्षा</td><td>९५,२००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>पाईरहेका व्यक्तिको नाम हटाउने उपनियम ४ मा ऐन विपरित हेरी भत्ता लिएको पाइएमा असुल उपर गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले देहायका व्यक्तिहरुको सामाजिक सुरक्षा भत्ता वितरण गर्दा लगत कट्टी भए पश्चात पनि भत्ता वितरण गरेको पाईयो । पालिकाले यस सम्बन्धमा यकिन गरी रकम असुल उपर गर्नुपर्ने रु
<table>
<tr><th>नाम</th><th>वडा</th><th>रकम भुक्तानी</th><th>लगत कट्टा मिति</th><th>वढी भुक्तानी</th><th>कैफियत</th></tr>
<tr><td>आसमान तामाङ</td><td>२</td><td>१२०००</td><td>२०७८।४।२७</td><td>४४०००</td><td>४ वटै त्रैमासिकको रकम भुक्तानी भएकोल ११ महिनाको भत्ता असुल उपर गर्नुपर्ने</td></tr>
<tr><td>गणेश बहादुर कालाखेती</td><td>२</td><td>१२०००</td><td>२०७८।६।२५</td><td>३६०००</td><td>४ वटै त्रैमासिकको रकम भुक्तानी भएकोल ९ महिनाको भत्ता असुल उपर गर्नुपर्ने</td></tr>
<tr><td>रन धोज राई</td><td>२</td><td>१२०००</td><td>२०७९।२।२१</td><td>५२००</td><td>चौथो त्रैमासिकको पूरै रकम भुक्तानी</td></tr>
<tr><td>पुर्ण देवि वनेम लिम्बू</td><td>६</td><td>१२०००</td><td>२०७९।२।१५</td><td>६०००</td><td>चौथो त्रैमासिकको पूरै रकम भुक्तानी</td></tr>
<tr><td>खड्ग बहादुर कट्टेल</td><td>२</td><td>१२०००</td><td>२०७९।३।१</td><td>४०००</td><td>चौथो त्रैमासिकको पूरै रकम भुक्तानी</td></tr>
<tr><td></td><td colspan="3">जम्मा</td><td>९५२००</td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>४६</td><td></td><td></td><td>सामाजिक सुरक्षा<br>परदर्शिता र जवाफदेहिताः सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ को दफा ३२ अनुसार स्थानीय तहहरुको कार्यालयले सामाजिक सुरक्षा भत्ता सम्वन्धी जानकारी (लाभग्राहीको नाम दर्ता तथा नविकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैङ्क र लाभग्राहिले पुरा गर्नुपर्ने प्रकृया) स्थानीय सामाजिक संस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्थाहरुको</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्ने र यस सम्बन्धी सूचना स्थानीय एफ.एम. लगायतका संचार माध्यमहरुवाट प्रचार प्रसार गर्नुपर्ने व्यवस्था मिलाउनुपर्ने र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसी स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने साथै, सम्बन्धित स्थानीय तहको वेभ साइटमा राख्नुपर्नेमा सो समेत नगरी यस कार्यालयले पारदर्शिता र जवाफदेहिताको विधि प्रकृयाको पालना गरेको पाइएन। यसले गर्दा भत्ता वितरण पारदर्शी ढङ्गबाट भएको छ भनि यकिन हुने अवस्था देखिएन।<br><br>**सार्वजनिक सुनुवाईः** स्थानीय तहले भुक्तानी गरेको रकम र बुझिलिनेहरुको नामावली स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्नेछ। सार्वजनिक सुनुवाईमा प्राप्त गुनासा तथा सुझावहरु मध्ये आफूले सक्ने कुराहरु सम्बोधन गरी नसकिने खालका सुझाव तथा गुनासाहरु सम्बोधनका लागि स्थानीय तह कार्यालयमा पठाउनु पर्नेमा सो गरेको पाइएन। सुनवाई नगरी लाभग्राही सुची अनुसार भत्ता वितरण गरेको छ।<br><br>**अनुगमनः** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ को परिच्छेद ६ अनुसार प्रत्येक कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन, मुल्याङकन तथा सुपरिवेक्षण गर्न एक स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गरि निर्देशिका बमोजिम अनुगमन मूल्याङ्कन गरी भत्ता वितरणलाई व्यवस्थित गर्नुपर्नेमा समिति गठन भएको नपाइएकाले कार्यविधि अनुसारको कार्य भएको छैन। | |
| ४७ | | | **बाँकी रकम फिर्ता**<br><br>........... *(प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९।१२।१५ को निर्णयबाट रु. ८९५९४३ ।- सम्परीक्षण गरिएको ।)* | |
| ४८ | | | **च्याङ्ग्रा प्रबर्द्धन कार्यक्रमः**<br>च्याङ्ग्रा स्रोत संरक्षण तथा प्रवर्द्धन संचालन विधि, २०७६ बुँदा ७ मा कार्यक्रम संचालनका लागि क्षेत्र छनौटका आधारहरु, बुँदा ८ मा कार्यक्रम संचालनका लागि साझेदारी संचालक छनौटका आधारहरुमा व्यावसायिक रुपमा च्याङ्ग्रा पालन गरिरहेको, निजी व्यवसायको हकमा कम्तिमा १०० प्रजनन् योग्य माउ च्याङ्ग्रा पालन गरिरहेको, समुह, समिति वा सहकारीको हकमा | ६३,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | २० जनाको एक समुह र समुहका प्रत्येक सदस्यले कम्तिमा २५ प्रजनन् योग्य माउ च्याङ्ग्रा पालन गरिरहेको, समुहका सबै सदस्यहरु एकै क्षेत्र वा आपसमा नजिक क्षेत्र रहेको, चरन खर्क आधारित घुम्तिगोठ प्रणालीबाट पशुपालन गरेको, च्याङ्ग्रा विकासका लागि प्रसस्त संभावना भएको क्षेत्र रहेको हुनुपर्ने उल्लेख भएकोमा उक्त आधार पेश गरेको छैन् । पालिकाले उक्त कार्यक्रमको लागि मिति २०७९।२।२५ मा आवेदन माग गरेकोमा च्याङ्ग्रा पकेट कार्यक्रम संचलान मुल समिति गठन गरी उक्त समितिसँग मिति २०७६।३।१६ मा पालिकाले संझौता गरेको छ । कार्यक्रममा विनियोजन भएको रु १४९४०००।— रकम मिति २०७९।३।२५ मा उक्त संचालन समितिलाई भुक्तानी दिएको छ । । थप व्यहोरा देहाय बमोजिम छन्<br>• प्राप्त विवरण अनुसार प्रतिगोटा रु २१०००/- का दरले ५७ गोटा च्याङ्गा र रु. २५ हजारका दरले २ गोटा बोका खरिद गरि ल्याउदा १० गोटा ढुवानीको क्रममा मृत्यू भएको उल्लेख गरी समितिले ७ वटा निजी फर्मलाई वितरण गर्दा ४६ गोटा च्याङ्ग्रामात्र वितरण गरेको प्रमाण पेश भएको छ । ३ गोटा च्याङ्गा को विवरण पेश नगरेकोले उक्त च्याङ्ग्रा खरिद गर्दा भएको भएको रकम असुल उपर गर्नुपर्ने रु ६३०००/-<br>• समितिले सरकारी रकम खर्च गरी च्याङ्ग्रा खरिद गर्नका लागि मुस्ताङ पुगेको देखिएको छ । छिमेकी जिल्ला सोलुखुम्बुलाई पनि च्याङ्ग्रा प्रबर्द्धन कार्यक्रमले समेटिएको कार्यक्रम संचालन विधिको क्रम संख्या ५ मा उल्लेख भएकोले च्याङ्या ढुवानीको लागि खर्च भएको रकम रु २२९०००/- तथा ढुवानीको क्रममा मृत्यू भएको रु २१००००/- बराबरको च्याङ्ग्रा गरी जम्मा रु ४३९०००।— थप व्ययभार पारेको देखियो ।<br>• पालिकाबाट कार्यक्रम संचालनको प्रकृया वर्षान्तमा मात्र गरेको देखियो ।<br>• समितिबाट कार्यालयलाई बुझाएको विल भरपाई अनुसार लागत सहभागिता देखिएन ।<br>• पालिकाले कार्यक्रम सम्पन्न भए पश्चात सरकारी कोषबाट भएको खर्च रकमबाट वितरण गरेको च्याङ्ग्राको अनुगमन गरेको पाईएन । अतः कार्यक्रम संचालन विधिबाट तोकिएको प्रकृया पुरा गरेरमात्र खर्च गर्नु पर्दछ । | |
| ४९ | | | **लाभग्राही छनौटः**<br>पालिकाले वाखा, वोका वितरण, कृषि उपकरणहरुको वितरण तथा घाँसको विउ वितरण लगाएतका वितरणमुखी कार्यक्रममा पालिकाका सवै संभावित लाभग्राहीको समान पहुँचको मापदण्ड बनाई मापदण्ड बमोजिम उक्त सेवा सुविधा पाउनेको नाम छनोट भएपछि मात्र कार्यक्रम संचालन हुनुपर्नेमा पालिका वाट संचालित यस्ता खालका क्रियाकलापमा सबैको समान पहुँचको मापदण्ड तयार गरेको छैन भने बजार वाट खरिद गरीसकेपछि लाभग्राही खोज्ने अवस्था छ,तसर्थ कसैलाई पनि विभेद नहुने गरी मापदण्डका आधारमा सबैको पहुँच सनिश्चित गरी लाभग्राहि छनोट हुनुपर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५० | | | **इन्धन खर्चको मापदण्डः**<br>प्रदेश नं.१ सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्यिता सम्वन्धि निर्देशिका २०७५ मा सवारी साधनको किसिम इन्धन खर्च र मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड वनाइ प्रयोगमा ल्याउनुपर्ने व्यवस्था छ। कार्यालयले यसवर्ष इन्धन खर्चमा कुनै मापदण्ड नै तयार नगरी इन्धनमा रु ८,९८,२२८ खर्च गरेको छ। पदाधिकारी तथा कर्मचारीलाई मासिक रुपमा दिने इन्धनको मापदण्ड तयार गरेको छैन भने सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने अभिलेख समेत राखेको पाइएन । इन्धन खर्च लाइ मितव्ययी वनाउन इन्धन खर्चको मापदण्ड वनाउने र इन्धन प्रयोगको व्यवस्थित अभिलेख राख्ने व्यवस्था गर्नु पर्दछ। | |
| ५१ | | | **मर्मत खर्चः**<br>सार्वजनिक खरिद नियमावली २०६४ नियम १३(५) मा सार्वजनिक निकायले कुने मालसमान मर्मत सम्भारको लागत अनुमान तयार गर्दा त्यस्तो निकायमा त्यससम्वन्धि विशेषज्ञ वा दक्ष कर्मचारी भए त्यस्तो कर्मचारीवाट र त्यस्तो कर्मचारी नभए त्यस्तो काम गर्ने व्यक्ति,फर्म,कम्पनी वा संथावाट लागत अनुमान गराउनु पर्ने व्यवस्था छ। कार्यालयले यस वर्ष मर्मतमा रु १२,६५,५९१ खर्च गरेकोमा नियमावलिमा व्यवस्था भए वमोजिम दक्ष विशेषज्ञ वाट लागत अनुमान तयार नगरी खर्च गपरेको पाइयो ।अतः नियमावलीमा भएको व्यवस्था पालनागरी मर्मत संभार तथा संरक्षण अभिलेख खाता प्रयोगमा ल्याउनु पर्दछ। | |
| ५२ | १८२ | २०७८-११-११ | **बितरण भरपाईः**<br>आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३)मा खर्चको विल भरपाई सहितकोलेखा राख्नु पर्ने व्यवस्था छ।पालिकाले लाभग्राहीलाई वितरणको लागि खरिद गरिएका मालसामानको जिन्सी दाखिला गरी वितरणको भरपाई समेत अध्यावधिक गरी भुक्तानी गर्नुपर्दछ।गाउँपलिकाले जेष्ठनागरिक सम्मान कार्यक्रम अन्तर्गत ५०० वटा व्लयाङकेट विजय इम्पेक्स वाट रु७७९ का दरले मुल्य अभिवृद्धि कर सहित रु ४,४०,१३५ खरिद गरी जिन्सी दाखिला गरेकोमा १५८ वटाको वितरणको भरपाई नभएकोले भरपाई पेश गर्नु पर्ने रु. | १२३,०८२ |
| ५३ | | | **भ्रमण खर्च :**<br>स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च रु १८,५४,०८३।भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन्. | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ·अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।<br>·भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको।<br>स्पष्ट प्रयोजन बेगर कार्यालयको काम उल्लेख गरी वडा अध्यक्ष तथा सदस्य सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।<br>अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ । | |
| ५४ | | | **पदाधिकारी सुविधा** : स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ ।पालिकाले कानून नबनाई नगरसभाको विशेष निर्णयबाट यो बर्ष प्रोत्साहन भत्ता खर्च गरेको कारण रु.१०,११,८८४/- आर्थिक व्ययभार बढ्न गएको छ । | |
| ५५ | | | **बैठक भत्ताः** पालिकाले यस वर्ष कर्मचारी र पदाधिकारी बैठकको लागि रु ८,४५,००० खर्च गरेकोमा देखिएका व्यहोरा निम्नानुसार छन्<br>· पालिकाले हरेक क्रियाकलाप, कार्यक्रम, दिवस, खरिद कार्य तथा निर्णय गर्न बैठक भत्ता भुक्तानी गरेको छ ।<br>· बैठक सम्बन्धमा भत्ता दिन मिल्ने अधिक्तम सहभागी संख्या र बैठक भत्ता भुक्तानीका लागि विषय र मापदण्ड तयार गरेको छ।<br>· बैठकको लागि विनियोजित बजेट बाहेक अन्य विषयगत कार्यक्रमहरुबाट समेत विषयसंग सम्बन्धित बैठक बसी खर्च गरेको ।<br>· विभिन्न समिति, शाखा, कार्यक्रम तथा निर्णयको लागि बैठक बसेको हुँदा बैठक सम्बन्धि एकिकृत अभिलेख तयार गर्नु पर्ने देखिन्छ ।<br>तसर्थ, पालिकाले बैठक भत्ता खर्चलाई नियन्त्रण गरी कार्यालय संचालन तथा सार्वजनिक खर्च मितव्ययी बनाउँनु पर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५६</td><td></td><td></td><td>पदाधिकारी सुविधा :<br>प्रदेश न १ को गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन २०७५, को दफा ३ मा स्थानीय पदाधीकारी, सदस्य र सभाका सदस्यहरुले अनुसुचि १ मा उल्लेख भए बमोजिमको सुविधालाइ अधिकतम कायम गरी कार्यपालिकाले निर्धारण गरे बमोजिमको सुविधा पाउने उल्लेख छ । जस अनुसार पालिकाले स्थानीय पदाधिकारी तथा सदस्यहरुलाइ अनुसूची १ मा उल्लेभए बमोजिम यस वर्ष रु ४६,७७,४५५ खर्च लेखेको छ ।</td><td></td></tr>
<tr><td>५७</td><td></td><td></td><td>संपरीक्षणः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ । सोही ऐनको दफा ८४(२) (घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ सो व्यवस्था अन्तरगत पालिकाले यस वर्ष आर्थिक वर्ष २०७७।७८ को देहाय बमोजिम फछ्र्यौट नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) बाट रु २१४६०००/- बेरुजू संपरीक्षणको लागि अनुरोध गरेकोमा रु.१८७६०००/- सम्परीक्षण गरिएको छ । सम्परीक्षणबाट उल्लेखनीय बेरुजू देखिएको छैन । यस वर्ष फछ्र्यौट भएको बेरुजूको स्थिति निम्नानुसार रहेको छ ।<br>
<table>
<tr><th>आ.व.</th><th>दफा नं.</th><th>सम्परीक्षणको व्यहोरा र ठहर</th><th>संपरीक्षण रकम</th></tr>
<tr><td>२०७७/७८</td><td>६८</td><td>अरुण बरुण निर्माण सेवा प्रा.ली. को नाममा रहेको मोविलाइजेशन पेश्की फछ्र्यौट गरेको प्रमाण पेश भएको ।</td><td>१४४००००</td></tr>
<tr><td>२०७७/७८</td><td>६८</td><td>सिकदिम बृहत खानेपानी उपभोक्ता समिति नाममा रहेको पेश्की फछ्र्यौट गरी</td><td>४३६०००</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>१८७६०००</td></tr>
</table></td><td></td></tr>
</table>